# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख ३ गते २०२५ साल

**श्री ५ को सरकार**

### गृह पञ्चायत मन्त्रालयको

### सूचना

राष्ट्रिय निर्देशन ऐन, २०१८ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निम्नलेखिए अनुसारको नेपाल बाल संगठनको विधान २०२४ लाई स्वीकृति दिएकोले प्रकाशित गरिएको छ ।

### नेपाल बाल संगठनको विधान

प्रस्तावनाः– राष्ट्रका अत्यन्त प्यारा र अमूल्य निधि आजका शिशु र बाल बालिकाको विकासको आधारमा नै भविष्य निर्माण हुने हुनाले बाल बालिकाहरूलाई राष्ट्रिय संस्कृति परम्परा र भावनाका प्रतिक, राजभक्त र निर्दलीय पञ्चायती प्रजातान्त्रिक पद्धतिमा अटल विश्वास राख्ने अनुशासित, स्वस्थ सुविकसित र सच्चरित्र नागरिक बनाउने उद्देश्य लिएको एउटा वर्गीय संगठनको स्थापना र संचालन गर्नु वांछनीय भएकोले नेपाल बाल संगठनले बनाएको यो विधानलाई राष्ट्रिय निर्देशन ऐन, २०१८ को दफा ३ अन्तर्गत श्री ५ को सरकारले स्वीकृत गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यो विधानलाई नेपाल बाल संगठनको विधान, २०२४ भनिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो विधान २०२४ साल माघ १६ गते देखि प्रारम्भ हुनेछ ।

२. नेपाल बाल संगठनको स्थापना:– नेपालबाल संगठनको नामले एउटा वर्गीय संगठन रहनेछ ।

३. केन्द्रीय कार्यालय:– नेपाल बाल संगठन (यस पछि संगठन भनिएको) यो केन्द्रीय कार्यालय काठमाडौंमा रहनेछ ।

४. सदस्यता तल्लो एकाई र कार्य संचालन:– (क) १६ वर्ष सम्मका समस्त नेपाली बालक बालिकाहरू यस संगठनका सदस्य हुनेछन् ।

(ख) संगठनको तल्लो एकाई जिल्ला हुनेछ ।

(ग) संगठनको कार्य संचालन केन्द्रीय कार्य समितिले समय समयमा निर्धारण गरेको सिद्धान्त अनुसार गरिनेछ ।

५. केन्द्रीय संगठनको अध्यक्षता:– केन्द्रीय संगठनको अध्यक्षता श्री ५ बडामहारानी सरकारबाट गरी बक्सनेछ । मौसूफको अनुपस्थितिमा उपाध्यक्षद्वारा स्वत: कार्य वाहक अध्यक्ष भै काम गर्न सकिनेछ ।

६. केन्द्रीय कार्य समिति:– (१) संगठनको संचालनको निमित्त केन्द्रमा एक कार्य समिति रहनेछ । जसमा उपाध्यक्ष, सचिव, कोषाध्यक्ष लगायत बढीमा १७ जना सम्म सदस्यहरू रहने छन् । केन्द्रीय कार्य समितिका सदस्यहरू श्री ५ बडामहारानी सरकारबाट मनोनीत गरिबक्सने छ ।

(२) मनोनीत सदस्यहरूका पदावधि दुई (२) वर्षको रहनेछ ।

तर–

(क) पदावधि सकिएका सदस्यहरू पुन: मनोनीत हुन सक्ने छन् ।

(ख) कुनै सदस्यले श्री ५ बडामहारानी सरकार समक्ष राजिनामा पेश गरी आफ्नो पद त्याग गर्न सक्ने छन् ।

(ग) कुनै सदस्यलाई कार्य क्षमताको अभाव भएको वा खराब आचरण गरेकोले हटाउन पर्ने भनी केन्द्रीय कार्य समितिले गरेको शिफारिसलाई श्री ५ बडामहारानी सरकारबाट स्वीकृत गरी बक्सेमा निज सो पदबाट स्वत: हट्नेछ ।

७. केन्द्रीय कार्य समितिका कार्यहरू:– केन्द्रीय कार्य समितिले निम्नलिखित कार्यहरू गर्नेछ–

(क) संगठनको उद्देश्य प्राप्तीको लागि कार्यक्रमहरू बनाउने तथा कार्यान्वित गर्ने गराउने ।

(ख) श्री ५ को सरकारद्वारा निर्धारण बालहित सम्बन्धी नीति तथा कार्यक्रमहरू कार्यान्वित गर्न योगदान गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) केन्द्रीय संगठनको बजेट स्वीकृत गर्ने र आयव्ययको हिसाब जंचाई फारक दिने ।

(घ) जिल्ला कार्य समितिलाई कार्यक्रम तोकी अनुदान दिने र आय व्ययको हिसाब जंचाई फारक दिने ।

(ङ) संगठनको विधानमा संशोधन गर्न आवश्यक भएमा संशोधन मसौदा स्वीकृतिको लागि श्री ५ को सरकारमा पेश गर्ने ।

(च) जिल्ला समितिहरूको वार्षिक कार्य प्रगतिको विवरण लिई मुल्यांकन गर्ने र त्यसमा भएको त्रुटि सुधार्न र बालहित कार्यक्रमहरूलाई अझ अघि बढाउन स्थानीय अञ्चलाधीश मार्फत जिल्ला कार्य समितिहरूलाई सुझाव तथा निर्देशनहरू दिने ।

(छ) केन्द्रमा एक आदर्श बाल मन्दीरको स्थापना र संचालन गर्ने गराउने ।

(ज) आदर्श बालक बन्न बनाउनको लागि पालन गर्नुपर्ने निर्देशनहरू दिने ।

(झ) संगठनका सदस्यहरू वा कर्मचारीलाई समय समयमा जिल्लाहरूमा भ्रमण गर्न पठाई जिल्ला कार्य समितिद्वारा संचालित बाल मन्दीर र अन्य बालहित कार्यहरूको निरिक्षण गर्न लगाउने ।

(ञ) केन्द्रीय संगठनबाट संचालीत अनाथालयका बालक बालिकाहरूको अभिभावकत्व लिने वा लिन स्वीकृति दिने ।

८. केन्द्रीय बाल कोषः– नेपाल बाल संगठन केन्द्रीय कोषको नामले एउटा केन्द्रीय बाल–कोष रहनेछ, यसमा देहायका रकमहरू रहने छन्–

(क) श्री ५ को सरकारबाट प्राप्त अनुदानको रकम ।

(ख) विभिन्न गैर सरकारी संस्था वा व्यक्तिहरूबाट केन्द्रीय कार्य समितिलाई प्राप्त हुने अनुदान ।

(ग) चन्दा संकलनबाट प्राप्त रकम ।

(घ) आफ्नो सम्पति बिक्री वितरणबाट प्राप्त रकम ।

(ङ) केन्द्रीय कार्य समितिले आफैंले स्थापना तथा संचालन गरेको बालहित कार्यक्रमबाट प्राप्त आय ।

९. जिल्ला कार्य समितिको गठनः– (१) केन्द्रीय कार्य समितिले आवश्यक ठहराएको जिल्लाहरूमा जिल्ला कार्य समितिको गठन देहाय बमोजिम हुनेछ–

(क) स्थानीय जिल्ला पञ्चायतको सभापति – – - – पदेन अध्यक्ष

(ख) केन्द्रीय कार्य समितिबाट मनोनीत (निजलेनै कोषाध्यक्षको काम गर्नेछ) उपाध्यक्ष

(ग) श्री ५ बडा महारानीबाट मनोनीत गरिबक्सने बढिमा २ जना सम्म सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) जिल्ला स्तरीय वर्गीय तथा व्यावसायिक संगठनहरूका सभापतिहरू पदेन सदस्य

(ङ) अञ्चलाधीशले मनोनीत गरेको स्थानीय शिक्षक सदस्य

(च) स्थानीय सरकारी अस्पताल भएमा सबभन्दा ठूलो अस्पतालको चिकित्सक सो नभएमा अञ्चलाधीशले मनोनीत गरेको स्थानीय चिकित्सक एक जना सदस्य

(छ) सहायक अञ्चलाधीश भएको जिल्लामा निज र निज नभएको जिल्लामा स्थानीय जिल्ला पञ्चायत सचिव सदस्य सचिव

(२) मनोनीत सदस्यहरूको पदावधि दुई २ वर्षको हुनेछ ।

तर–

(क) पदावधि सकिएका सदस्यहरू पुनः मनोनीत हुन सक्ने छन् ।

(ख) त्यस्तो कुनै सदस्यले जिल्ला कार्य समितिका अध्यक्ष छेउ राजिनामा पेश गरी आफ्नो पद त्याग गर्न सक्ने छन् ।

(ग) त्यस्तो कुनै सदस्यलाई खराब आचरण भएको वा कार्य क्षमताको अभाव भएकोले हटाउनु पर्ने भनि जिल्ला कार्य समितिले गरेको सिफारिसलाई श्री ५ बडामहारानी सरकारबाट स्वीकृत गरिबक्सेमा निज सो पदबाट स्वतः हट्नेछ ।

(३) अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले जिल्ला संगठनको कार्यवाहक अध्यक्षभै काम गर्नेछन् ।

१०. जिल्ला कार्य समितिका कार्यहरू:– जिल्ला कार्यसमितिले आफ्नो जिल्लामा कमसेकम एक बाल मन्दिरको व्यवस्था र संचालन गर्नेछ र जिल्ला संगठनले देहायका बाल कल्याणकारी कार्यक्रमहरू तयार गरी कार्यान्वित गर्न गराउनेछ ।

(क) बालक बालिकहरूको स्वास्थ्य संरक्षण र विकास कार्यहरू:–

(१) धूम्रपान, मद्यपान तथा अन्य मादक पदार्थहरूको सेवनलाई दुरूत्साहन गर्न आवश्यक वातावरण सृजना गर्न र त्यसको सेवनबाट स्वास्थ्यलाई हुने क्षति बारे बोधगराउने ।

(२) भिक्षा माग्ने प्रवृत्तिलाई दुरुत्साहन गर्न कार्यक्रम चलाउने ।

(३) बालक बालिकाहरूको स्वास्थ्यको लागि खतरा हुने तथा मानसिक एवं शारीरिक विकासमा धक्का पुग्ने किसिमको अरू कामलाई दुरुत्साहन गर्न आवश्यक वातावरण गर्ने र त्यसबाट हुने क्षति बारे बोध गराउने ।

(४) बालक बालिकाहरूको स्वास्थ्यको हेरचाह गर्ने, स्वास्थ्यप्रद वातावरणको सृजना गर्न र बालक बालिकाहरूलाई संक्रामक रोगबाट बचाउन निःशुल्क भैक्सिन आदिको व्यवस्था गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) बालक बालिकाहरूको स्वास्थ्य सुधारको लागि विभिन्न खेलकूदको व्यवस्था भएको पार्क, व्यायाम शाला, इनडोर र आउटडोर खेलकूदको केन्द्र स्थापना एवं संचालन गर्ने एवं प्रतियोगिता गराउने ।

(६) स्थानीय अस्पतालमा भिन्दै बालकक्षको व्यवस्था गर्ने ।

(७) वर्षमा साधारणतः एक पटक स्वस्थ्य बालक बालिकाहरूको प्रतियोगिता गरिने ।

(ख) बालकहरूको शैक्षिक एवं मानसिक विकासको लागि गर्ने कार्यहरू:–

(१) आदर्श पूर्व प्राथमिक, पाठशाला र बहुउद्देश्यीय विद्यालयहरूको स्थापना एवं संचालन गर्ने ।

(२) बालोपयोगी ज्ञान र मनोरञ्जन सम्बन्धी पुस्तकहरू भएको बाल पुस्तकालयको स्थापना एवं संचालन गर्ने ।

(३) लाटा, वहिरा, अन्धा र शारीरिक वा मानसिक कारणले अपङ्ग बालकहरूको लागि विशेष शिक्षाको व्यवस्था गर्ने ।

(४) देशको इतिहास, भूगोल, हस्तकला, साहित्य, विज्ञान, संस्कृतिको ज्ञान आर्जन गर्ने तथा स्वावलम्बी बनाउने दृष्टिकोणले बालकहरूको लागि विभिन्न कार्यक्रमहरू संचालन गर्ने ।

(५) आवश्यकता अनुसार बालोपयोगी र बालक बालिकाहरूद्वारा लिखित रचना र मौलिक प्रकाशनहरू निकाल्ने, जसमा देशको इतिहास, संस्कृति, भूगोल एवं पञ्चायत व्यवस्था सम्बन्धमा सरल भाषामा लेखिएका लेख, कथा, कविता आदिलाई र बालक बालिकाहरूद्वारा लिखित रचनाहरूलाई प्राथमिकता र प्रोत्साहन दिने, बालक बालिकाहरूको प्रश्नोत्तर ठेगाना दिई पत्रद्वारा मित्रता बढाउने बानि बसाल्ने तथा बालक बालिकाहरूको मुद्रा संकलन, फोटो संकलन, हुलाक टिकट संकलन, संगीत, कविता तथा रचनात्मक प्रवृत्ति जस्ता विषयहरूमा रूचिबढाउन आवश्यक व्यवस्था गर्ने ।

(६) बाल कलाकारहरूको बाल साहित्य सम्मेलन, बाल चित्र सम्मेलन आदिको व्यवस्था र प्रतियोगीता तथा प्रदर्शन बराबर गराउने र बालोपयोगी सांस्कृतिक कार्यक्रम एवं सम्मेलनहरूमा बालक बालिकाहरूलाई सम्मिलित गराउने ।

(७) बालक बालिकाहरूमा सांस्कृतिक, भौगोलिक, सामाजिक ज्ञान दिलाई राष्ट्रियता एवं राष्ट्रिय एकताको भावना विकशीत गर्न देशका विभिन्न भागको भ्रमण गराउने व्यवस्था गर्ने र भ्रमण गरिने ठाउँको

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संस्कृति, जाति, भाषा, पहिरन, आर्थिक स्थिति, पुरातत्व आदि विषयको अध्ययन गराउने ।

(८) समय समयमा देशका कलाकार, गायक, धार्मिक तथा सांस्कृति सम्बन्धमा विद्वानहरूद्वारा बालक बालिकाहरूको लागि प्रवचन आदिको व्यवस्था गर्ने ।

(९) सहकारीता र स्वावलम्बनको भावना बढाउन विभिन्न सहकारी कार्यक्रमहरू संचालन गर्ने ।

(१०) बालक बालिकाहरूको मनमा राष्ट्रियताको भावना र श्री ५ प्रति श्रद्धा बढाउन बालक बालिकाहरूलाई समाज सेवामा संलग्न गराउन प्रयत्न गर्ने ।

(ग) बालकहरूको कल्याणको लागि गर्ने अरू कार्यहरू:–

(१) टुहुरा बालक बालिकाहरूको लागि अनाथालयको स्थापना तथा संचालन गर्ने ।

(२) बालक बालिकाहरूलाई जुवा खेल्न दुरूत्साहन गर्न आवश्यक वातावरणको सृजना गर्ने र त्यसबाट हुने हानी बारे बोध गराउने ।

(३) बालकहरू आवारा तथा वदचलन भई हिड्नबाट दुरूत्साहन गर्ने ।

(४) असहाय बालक बालिकाहरूको हक सम्पत्तिको सुरक्षाको लागि निःशुल्क वकिल सेवाको व्यवस्था गर्ने ।

(५) गरीब बालसहायता कोष खडा गर्ने गराउने ।

(६) जिल्ला संगठनबाट संचालित अनाथालयका बालक बालिकाहरूको अभिभावकत्व लिने र लिन स्वीकृति दिने ।

११. जिल्ला बाल कोषमा रहने रकमहरू:– नेपाल बाल संगठनको जिल्लाकोषको नामले बाल संगठन भएको हरेक जिल्लामा एक बाल कोष रहनेछ जसमा देहायका रकमहरू रहनेछन्–

(क) केन्द्रीय कार्य समितिबाट प्राप्त अनुदान

(ख) विभिन्न गैर सरकारी संस्था वा व्यक्तिहरूबाट जिल्ला बाल कोषको लागि प्राप्त हुने अनुदान

(ग) चन्दा संकलनबाट प्राप्त रकम

(घ) आफ्नो सम्पत्ति बिक्री वितरणबाट प्राप्त रकम

(ङ) जिल्ला कार्य समिति आफैंले स्थापना तथा संचालन गरेका बालहित कार्यक्रमहरूबाट प्राप्त आय ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. अञ्चलाधीशको कर्तव्यः– अञ्चलाधीशले जिल्ला बाल संगठनको संरक्षण र संवर्धन कर्ताको रूपमा काम गर्नेछ र संगठनको गतिबिधि र प्रगतिको सम्बन्धमा विशेष जानकारी राख्नु पर्नेछ ।

१३. आन्तरिक कार्यव्यवस्थित गर्नेः– संगठनको केन्द्रीय कार्य समितिले आफ्नो र जिल्ला कार्य समिति तथा कार्यालयहरूको आन्तरिक कार्य व्यवस्थित गर्न नियमहरू बनाउन सक्नेछ ।

१४. खारेजी र त्यसको परिणामः–

(१) नेपाल बाल संगठनको विधान, २०२१ खारेज गरिएको छ ।

(२) नेपाल बाल संगठनको विधान, २०२१ बमोजिम गठन भएको नेपाल बाल संगठन यसै विधान बमोजिम गठन भएसरह कायम रहनेछ ।

(३) उप-धारा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो विधान प्रारम्भ हुनु भन्दा अघिको अञ्चल समिति र जिल्ला समितिहरू यो विधान प्रारम्भ भएपछि कायम रहने छैनन् ।

आज्ञाले–
सुन्दरप्रसाद शाह
श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।